नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

# सूचना विभाग

**(कार्यालय सञ्चालन सामग्री खरिद गर्नको लागि सिलबन्दी दरभाउपत्र माग गरिएको सूचना)**

सूचना प्रकाशित मितिः २०७४/०६/२३ दाखिला गर्नुपर्ने अन्तिम मितिः २०७४/०७/ ०७

## दरभाउपत्र खरीद तथा दाखिला सम्बन्धी शर्तहरुः

१. यस विभागको आर्थिक प्रशासन शाखाबाट नगद रु. १०००।–तिरी दरभाउपत्र खरीद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयमा दरभाउपत्र खरिद गर्न सकिनेछ ।

३. दरभाउपत्रको प्रत्यक पृष्ठमा दरभाउपत्रवालाले दस्तखत गरी फर्मको छाप लगाएको हुनुपर्नेछ ।

४. दरभाउपत्रका साथ कर चुक्ताको प्रमाणपत्र, आयकर, मूल्यअभिबृद्धि कर,फर्म दर्ता प्रमाणपत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरु संलग्न हुनुपर्नेछ ।

५. सिलबन्दी दरभाउपत्रको खाम बाहिर लाहाछाप संख्या उल्लेख गर्ने र प्रत्येक जोर्निमा आधिकारिक व्यक्तिले सही गरेको हुनुपर्नेछ । साथै खामको बाहिर **कार्यालय सञ्चालन सामग्री खरिद गर्नको लागि सिलबन्दी दरभाउपत्र** उल्लेख गर्नुपर्नेछ ।

६. दरभाउपत्र दाखिला गर्ने कार्यालयको नाउँमा **नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग, सञ्चारग्राम, तिलगंगा** उल्लेख गर्नुपर्नेछ । साथै दरभाउपत्र दाखिला गर्ने व्यक्ति तथा फर्मको नाम ठेगाना पनि स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्नेछ ।

७. सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन वा सो दिन विदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनमा दिनको १२ बजेभित्र दरभाउपत्र दर्ता गरिसक्नु पर्नेछ । यसरी दर्ता भएका दरभाउपत्र सोहि दिन दिनको २.०० बजे दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा यस विभागमा खोलिनेछ । दरभाउपत्रवाला वा निजहरुको प्रतिनिधि उपस्थित नभए पनि उक्त दिन र समयमा दरभाउपत्र खोल्न सकिनेछ ।

८. विनियोजित बजेटबाट विभागलाई आवश्यकता अनुसार एकै पटक वा पटक पटक खरिद गर्न सकिने छ ।

९. म्याद नाघी आएका, बैंक भौचर संलग्न नभएका, आयकर दर्ता, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र तथा कर चुक्तको प्रमाणपत्र संलग्न नभएका दरभाउ पत्र उपर कारवाही गरिने छैन ।

१०. दरभाउपत्रसाथ जमानत वापत सार्वजनिक खरिद नियमावलीको नियम ८४ (६) अनुसार हुन आउने रकम रु. ३२,५००/- ( अक्षेरुपी बत्तीस हजार पाच सय मात्र) को.ले.नि.का. काठमाडौंको नाउँमा नेपाल राष्ट्र बैंक थापाथलिमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा जम्मा गरेको सक्कलै भौचर वा यस विभागको नाममा जारी गरेको न्यूनतम ७५ दिन म्याद रहेको बैंक जमानतको सक्कलै भौचर संलग्न राख्नु पर्नेछ ।

११. **कार्यालय सञ्चालन सामग्री** विभागले तोकेको स्पेसिफिकेशन अनुरुपकै आकार र गुणस्तर कायम हुने गरी उपलब्ध गराउनु पर्नेछ ।

१२. **कार्यालय सञ्चालन सामग्री** विभागले पत्रबाट कार्यदेश दिएपछि उपलब्ध गराउनु पर्नेछ ।

१३. रीत नपुगेको सिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१४. दरभाउपत्र स्वीकृत गरी तोकिएको मितिभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ ।

१५. कुनै दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस विभागमा निहित रहनेछ ।

१६. यस सम्बन्धमा अन्य थप केही बुझ्नु पर्ने भएमा यस विभागमा सम्पर्क राख्न सकिनेछ ।

१७. उल्लेखित शर्तहरु बाहेक अन्य शर्तका हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।